भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु
मिति : २०८०/११/१६ गते

# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २१औं बैठकका छलफलका कार्यसूची

मिति : २०८०/११/१६ गते
समय : विहान ११:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा।

२) शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत आयोजना छनौट सम्वन्धमा।

३) EBA 2 अन्तर्गत आयोजना छनौट सम्वन्धमा।

४) नमूना कृषि फर्म र साना तथा मझौला फर्म छनौट सम्वन्धमा।

५) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम (कृषि र पशु सेवा) सम्वन्धमा।

६) एक प्रदेश निर्वाचन क्षेत्र एक प्रांगारिक मल कारखाना स्थापना सम्वन्धमा ।

७) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम स्थानान्तर सम्वन्धमा। (चरंगे अनाथालय लिफ्टिंग खानेपानी भीमेश्वर दोलखा)

८) दोलखा पर्यटन गुरुयोजनाको प्रारम्भिक अवधारणा तयारी सम्वन्धमा।

९) भीमेश्वर नगर क्षेत्रका सडकहरुको कित्ताकाट सम्वन्धमा।

१०) भीमेश्वर नगरपालिकाका सार्वजनिक सम्पत्ति सन्चालन तथा व्यवस्थापन सम्वन्धमा।

११) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यविधिमा भैसीपालन कार्यक्रमलाई समावेश गर्न कृषि तथा पशुपन्छी मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने सम्वन्धमा।

१२) २ नं. वडा कार्यालयको नाममा नेगल गाउँघर स्वास्थ्य क्लिनिक सन्चालनका लागि जग्गा खरिद गर्ने सम्वन्धमा।

१३) आयोजना रकमान्तर/शिर्षकान्तर सम्वन्धमा।

१४) सोलार बत्ती माग सम्वन्धमा।

१५) भिम बहादुर जिरेलको अध्ययन बिदा स्वीकृत गर्ने सम्वन्धमा।

१६) विविध सम्वन्धमा :

क) पदपूर्ति कार्यका लागि विषय बिज्ञ तोक्न जिम्मेवारी प्रदान गर्ने सम्वन्धमा।

ख) योग हलमा प्रयोग हुने म्याट, दराज, भ्याकुम जस्ता सामग्री खरिदका लागि पतन्जली योग समितिले रु ५०,०००/- (पचास हजार) आर्थिक सहयोग माग सम्वन्धमा।

ग) थामी समाजको भेला सन्चालनका लागि आर्थिक सहयोग सम्वन्धमा।

घ) न्यौपाने कुल देउता मन्दिर निर्माणका लागि आर्थिक सहयोग सम्वन्धमा।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु

मिति : २०८०/११/१६ गते

**निर्णय नं. १ :** यस नगरपालिकाको मिति २०८० माघ २७ गते बसेको २०औं नगर कार्यपालिका बैठकको निर्णय कार्यन्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २ :** चालु आ.व. २०८०/०८१ का लागि नेपाल सरकार शहरी शासकीय क्षमता विकास कार्यक्रमका लागि प्राप्त रु ६,६५,७१,००००/- (छ करोड पैसट्ठी लाख एकहत्तर हजार) मध्ये देहायका आयोजना तथा **कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।**

| क्र.स. | आयोजनाको नाम | सन्चालन हुने स्थान | विनियोजित रकम रु. | सडक कोड (MTMP) |
|---|---|---|---|---|
| १ | देउराली - थापनथली - कात्तिके- सुन्द्रावती सडक (देउराली -कात्तिके खण्ड) स्तरोन्नति | भी.न.पा. १ | २०,००,०००/- | 30109C101 |
| २ | क्षमावती मा.वि.-पानीपोखरी-सुन्द्रावती सडक (पानीपोखरी-बोसिम्पा खण्ड) र पानीघाट - खोलेचौर - सुनखानी सडक (पानीघाट - खोलेचौर खण्ड) | भी.न.पा. १ | १५,००,०००/- | 30109C105, 30109C104 |
| ३ | रामेडाँडा - गुम्फुंग -भ्युटावर सडक (रामेडाँडा - गुम्फुंग सडक) र रामेडाँडा -बाँसघारी- सुष्पा सडक (रामेडाँडा -बाँसघारी खण्ड) स्तरोन्नति | भी.न.पा. १ | १५,००,०००/- | 30109C106, 30109C103, |
| ४ | राम्पा- डोक्थली - डिलढुङ्गा सडक (कमलादी खण्ड) स्तरोन्नति | भी.न.पा. २ | १०,००,०००/- | 30109B006, |
| ५ | डिलढुङ्गा -सोक्ला- तामाकोशी सडक (डिलढुङ्गा-चक्पा खण्ड ) स्तरोन्नति | भी.न.पा. २ | १०,००,०००/- | 30109B007 |
| ६ | डुंगटि -सियउ डाँडा सडक स्तरोन्नति | भी.न.पा. २ | १०,००,०००/- | 30109C206 |
| ७ | सिम्भुथान -नसु सडक (बालमन्दिर - नसु खण्ड) स्तरोन्नति | भी.न.पा. २ | १०,००,०००/- | 30109C222 |
| ८ | धुलिखेल अस्पताल पुकुर्चा भीमेश्वर मन्दिर जाने बाटो मर्मत | भी.न.पा. २ | १०,००,०००/- | |
| ९ | नगरपालिका कार्यालय - पाखाटोल सडक स्तरोन्नति | भी.न.पा. ३ | १०,००,०००/- | |
| १० | बाँसझ्यांग - लप्टनको चौतारो सडक स्तरोन्नति | भी.न.पा. ३ | १५,००,०००/- | |
| ११ | देउराली - स्वामीको रुख - सिंहबन सडक (देउराली-स्वामीको रुख खण्ड) स्तरोन्नति | भी.न.पा. ३ | १५,००,०००/- | 30109B020 |
| १२ | गौरीशंकर क्याम्पस - गोले गाउँ - मन्जुश्री सडक (गौरीशंकर क्याम्पस - गोले गाउँ खण्ड) स्तरोन्नति | भी.न.पा. ३ | १०,००,०००/- | 30109C201 |
| १३ | कोले- बाँचिला-कार्की गाउँ -पिप्ले पक्कि गोरेटो बाटो निर्माण | भी.न.पा. ४ | १०,००,०००/- | |
| १४ | पुरानोचौर -पेट्रोलपम्प -देउराली (ओखरेनी) पक्कि गोरेटो बाटो निर्माण | भी.न.पा. ४ | १०,००,०००/- | |
| १५ | नागस्थान- तिल्खोरिया पक्कि गोरेटो बाटो र सापकोटा मन्दिर घेराबर | भी.न.पा. ४ | १०,००,०००/- | |
| १६ | कोलेचौर कोलेको मूल पक्कि गोरेटो तथा डाँडाबारी -फसिभै सडक स्तरोन्नति | भी.न.पा. ४ | १०,००,०००/- | |
| १७ | पाखाघर -गैरागाउँ -टहले बाहुनी कुवा -भड्खाल पक्कि गोरेटो बाटो | भी.न.पा. ४ | १०,००,०००/- | |
| १८ | बालगृह -वडा कार्यालय- गाईघाट सडक (मिलघुम्ती - वडा कार्यालय खण्ड) स्तरोन्नति | भी.न.पा. ५ | २०,००,०००/- | 30109B003 |
| १९ | पयुश्वारा - जमजोता - वडा कार्यालय सडक स्तरोन्नति | भी.न.पा. ५ | १०,००,०००/- | 30109C503 |
| २० | सुनखानीडाँडा- मथानी सडक (बरको रुख-वडा कार्यालय खण्ड) स्तरोन्नति | भी.न.पा. ५ | १५,००,०००/- | 30109B012 |

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु

मिति : २०८०/११/१६ गते

| | | | | |
|---|---|---|---|---|
| २१ | टासी तामांग गुम्बा निर्माण आयोजना | भी.न.पा. ६ | २०,००,०००/- | |
| २२ | जनजाति साँस्कृतिक संग्रहालय | भी.न.पा. ६ | १५,००,०००/- | |
| २३ | रामको मुर्ति तथा मन्दिर पूर्वाधार निर्माण आयोजना | भी.न.पा. ६ | १५,००,०००/- | |
| २४ | कम्पनी - मानेटार सडक स्तरोन्नति | भी.न.पा. ७ | १५,००,०००/- | 30109C719 |
| २९ | पाटीखोला- उखुबारी -काउले- सैलुंग सडक (काउले खण्ड) स्तरोन्नति | भी.न.पा. ७ | १५,००,०००/- | 30109C701 |
| ३० | माप्ची र फुर्बालाखाङ गुम्बा निर्माण | भी.न.पा. ७ | २०,००,०००/- | |
| ३१ | डाँडाको सिम -उर्लेनी -लप्से-सेरा सडक (डाँडाको सिम -उर्लेनी खण्ड) स्तरोन्नति | भी.न.पा. ८ | २०,००,०००/- | 30109C801 |
| ३३ | बोच कृषि प्रसातेडाँडा - सुर्के सडक (भित्ता घर लप्से देविथान खण्ड) सडक स्तरोन्नति | भी.न.पा. ८ | १५,००,०००/- | 30109C804 |
| ३४ | यार्सा देवी मा.वि. गोठीगाउँ गोरेटो बाटो | भी.न.पा. ८ | १५,००,०००/- | |
| ३५ | यानामारा- स्यासी - सुर्के सडक (लाकुरीडाँडा खण्ड) स्तरोन्नति | भी.न.पा. ९ | १०,००,०००/- | 30109C901 |
| ३६ | अंगेरीडाँडा - डाँडागाउँ - टापु सडक स्तरोन्नति | भी.न.पा. ९ | १५,००,०००/- | 30109B017 |
| ३७ | मनमोहन मार्ग स्तरोन्नति | भी.न.पा. ९ | १०,००,०००/- | |
| ३८ | खरिढुंगा बजार फुटपाथ तथा रेलिंग निर्माण | भी.न.पा. ९ | १५,००,०००/- | |
| ३९ | कभर्ड हल थप पूर्वाधार निर्माण आयोजना | भी.न.पा. ३ | २०,००,०००/- | |
| ४० | भीमेश्वर कार्यालय घेरावार निर्माण आयोजना | भी.न.पा. ३ | २०,००,०००/- | |
| ४१ | सांगखोला - भी.न.पा. कार्यालय सडक स्तरोन्नति आयोजना | भी.न.पा. ३ | २०,००,०००/- | |
| ४२ | भीमेश्वर रङ्गशाला थप पूर्वाधार निर्माण आयोजना | भी.न.पा. ३ | १५,००,०००/- | |
| ४३ | भीमेश्वर रङ्गशाला सटर निर्माण आयोजना | भी.न.पा. ३ | २०,००,०००/- | |
| ४४ | सातदोवाटो क्षेत्र पूर्वाधार निर्माण आयोजना | भी.न.पा. ३ र ६ | २०,००,०००/- | |
| ४५ | सातदोवाटो चोक सौन्दर्य कार्यक्रम | भी.न.पा. ३ र ६ | १५,००,०००/- | |
| ४६ | सुरक्षित सडक पूर्वाधार तथा रेलिंग निर्माण आयोजना, मानेडाँडा | भी.न.पा. ६ | १५,००,०००/- | |
| ४७ | सिमपानी पार्क पूर्वाधार निर्माण आयोजना | भी.न.पा. ६ | १०,००,०००/- | |
| ४८ | भिम मा.वि. घेरावार | भी.न.पा. २ | १०,००,०००/- | |
| ४९ | सापकोटा - सेतीदेवी सडक पहिरो नियन्त्रण | भी.न.पा. ४ | १०,७१,०००/- | |
| ५० | बालगृह -वडा कार्यालय- गाईघाट सडक (बालगृह -जम्बुको धारा खण्ड) | भी.न.पा. ५ | १५,००,०००/- | 30109B003 |
| ५१ | पशुपति मन्दिर ईट्टा छाप्ने कार्य, पुरानो बजार पर्खाल निर्माण योजना (पत्रकार महासंघ भवन प्लास्टर) | भी.न.पा. ३ | २०,००,०००/- | |
| ५२ | सातदोवाटो सार्वजनिक शौचालय निर्माण | भी.न.पा. ३ | १०,००,०००/- | |

विशकसेन ढकाल

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु

मिति : २०८०/११/१६ गते

**निर्णय नं. ३ :** यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम EBA 2 अन्तर्गत विनियोजित रकम रु ४४,००,०००/- (चवालिस लाख) बाट भीमेश्वर नगरपालिका वडा नं. ९ मा देहाय बमोजिमका कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आयोजनाको नाम | सन्चालन हुने स्थान | विनियोजित रक | कैफियत |
|---|---|---|---|---|
| १ | खोला किनार तथा फिल्टरिंग ड्याम मर्मत सम्भार तथा निर्माण कार्य | बाटोकटेरी र सुहारा | १,६८,०००/- | |
| २ | पोखरी संरक्षण तथा वर्षातको पानी संकलन र संरक्षण कार्य | पानीचौर र यानमारा | २,००,०००/- | |
| ३ | जीविकोपार्जन (CLIPS) योजना तयार, उत्पादन उपकरण खरिद, जडान र सन्चालन<br>क) आलुचिप्स प्रशोधन केन्द्र निर्माण र तालिम सन्चालन<br>ख) बेसार प्रशोधन केन्द्र निर्माण | अहालडाँडा र खरीढुंगा<br>डाँडागाउँ र चौतरा गाउँ | २२,००,०००/- | |
| ४ | गह्रा सुधार व्यवस्थापन कार्य | फुलबारीघुम्ती, चित्रे र सुर्के | १८,००,०००/- | |

**निर्णय नं. ४ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको वजेट सि.नं. ८२ को नमुना फार्म स्थापना कार्यक्रम र वजेट सि.नं. ८३ को साना तथा मझौला फार्म स्थापना कार्यक्रम अन्तर्गत मिति २०८०।०६।२२ मा प्रकाशित सुचना बमोजिम प्राप्त निवेदनहरु मध्ये तपसिल अनुसारका साना तथा मझौला फार्महरु छनौट गरी ५० प्रतिशत लागत साझेदारी कार्यक्रम सन्चालनका लागि अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

| क्र.स | कृषक समुह, कृषि सहकारी, कृषि फर्मको नाम | ठेगना | नमुना फर्म | साना मझौला फर्म |
|---|---|---|---|---|
| १ | नाग निको कृषि तथा पशुपन्छी फर्म | भीनपा १ | - | ५०००० |
| २ | जिके कृषि तथा पशुपन्छी फर्म | भीनपा १ | ५०००० | - |
| ३ | निकिता कृषि पशुपन्छी तथा नर्सरी फर्म | भीनपा १ | - | ५०००० |
| ४ | अनिता कृषि तथा पशुपन्छी फर्म | भीनपा १ | ५०००० | - |
| ५ | कल्पना कृषि तथा पशुपन्छी फर्म | भीनपा १ | १००००० | - |
| ६ | नागपाराङ बहुकृषि तथा पशुपालन फर्म | भीनपा १ | - | ५०००० |
| ७ | पानीघाट कृषि तथा पशुपालन फर्म | भीनपा १ | ५०००० | - |
| ८ | सुर्वण बाख्रापालन फर्म | भीनपा २ | ५०००० | - |
| ९ | अभयपुरी पशुपन्छी तथा फलफुल कृषि फर्म | भीनपा २ | - | ५०००० |
| १० | मन्जुश्री कृषक समुह | भीनपा २ | १००००० | - |
| ११ | हिमाली एकिकृत कृषि तथा पशुपान्छी फर्म | भीनपा २ | १००००० | - |
| १२ | मक्षेन्द्रनाथ प्राविधिक ज्ञान सेवा कृषक समुह | भीनपा २ | ५०००० | - |
| १३ | प्राङगारीक कृषि तथा पशुपन्छी फर्म | भीनपा ३ | ५०००० | - |

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु

मिति : २०८०/११/१६ गते

| | | | | |
|---|---|---|---|---|
| १४ | एस.एण्ड एस. कृषि फर्म | भीनपा ३ | ५०००० | - |
| १५ | दिपेन्द्र एण्ड दिपक कृषि तथा पशुपन्छी फर्म | भीनपा ३ | ५०००० | - |
| १६ | सुनौले विहानी कृषि तथा पशुपन्छी फर्म | भीनपा ३ | - | ५०००० |
| १७ | पाखाटोल मिश्रीत सिताके च्याउ तथा तरकारी उत्पादन फर्म | भीनपा ३ | ५०००० | - |
| १८ | राजेन्द्र कृषि तथा पशुपान्छी फर्म | भीनपा ३ | - | ५०००० |
| १९ | हाम्रो भीमेश्वर अग्रानीक कृषि तथा पशुपालन फर्म | भीनपा ३ | - | ५०००० |
| २० | जुनतारा कृषि सहकारी संस्था | भीनपा ३ | - | ५०००० |
| २१ | अगुवा कृषक समुह | भीनपा ४ | १००००० | - |
| २२ | शालिग्राम कृषि तथा वन जन्य उद्योग फर्म | भीनपा ४ | - | ५०००० |
| २३ | प्रगती कृषि तथा पशुपन्छी फर्म | भीनपा ४ | - | ५०००० |
| २४ | दहाल कृषि तथा पशुपान्छी फर्म | भीनपा ४ | १००००० | - |
| २५ | तुलसा युनिक कृषि तथा पशुपन्छी फर्म | भीनपा ४ | - | ५०००० |
| २६ | पन्चकुमारी कृषि तथा पशुपन्छी फर्म | भीनपा ५ | - | ५०००० |
| २७ | वुढाथोकी कृषि तथा पशुपालन एकिकृत फर्म | भीनपा ५ | ५०००० | - |
| २८ | समसरा कृषि फलफुल तथा पशुपन्छी फर्म | भीनपा ५ | ५०००० | - |
| २९ | विल्केट कुसाल एकिकृत कृषी तथा पशुपान्छी फर्म | भीनपा ५ | - | ५०००० |
| ३० | थापा कृषि तथा पशुपालन फर्म | भीनपा ५ | ५०००० | - |
| ३१ | घोक्सीला कृषक समुह | भीनपा ५ | १००००० | - |
| ३२ | निस्चल कृषि तथा पशुपन्छी फर्म | भीनपा ५ | - | ५०००० |
| ३३ | माटो कृषक समुह | भीनपा ६ | ५०००० | - |
| ३४ | नोर्वु कृषि तथा पशुपान्छी फर्म | भीनपा ६ | - | ५०००० |
| ३५ | न्यौपाने एग्रीकल्चर तथा पशुपन्छी फर्म | भीनपा ६ | १००००० | - |
| ३६ | कल्पवृक्ष बहुउद्देश्य नुर्सरी फर्म | भीनपा ६ | ५०००० | - |
| ३७ | भीमेश्वर अर्गानीक एग्रीकल्चर एण्ड रिर्सच प्रा.लि. | भीनपा ६ | १००००० | - |
| ३८ | समाज सेवा साना किसान सहकारी | भीनपा ७ | - | ६५०००० |
| ३९ | कोशिस कृषि तथा पशुपालन फर्म | भीनपा ८ | १००००० | - |
| ४० | पाख्रीन एग्रीकल्चर एण्ड पशुपन्छी फर्म | भीनपा ९ | १००००० | - |
| ४१ | धन जित कृषि फर्म | भीनपा ९ | - | ५०००० |
| ४२ | सेतीचन्द्रभुमे प्राङगारीक कृषि सहकारी संस्था लि. | भीनपा ९ | १००००० | - |
| | जम्मा | | १८००००० | १४५०००० |

**निर्णय नं. ५** : बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालयको च.नं. ४४, मिति २०८०/११/०९ को एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका वडामा देहाय बमोजिमका कार्यक्रम सन्चालन गर्न लागत साझेदारी गर्ने प्रतिवद्वता सहित प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| वडा नं. | कार्यक्रम | कैफियत |
|---|---|---|
| ४ | पशु पालन कार्यक्रम | गाई/भैसी |
| ७ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | मौसमी तथा बेमौसमी तरकारी |

**निर्णय नं. ६** : बागमती प्रदेश सरकार कृषि विकास निर्देशनालय, हेटौडाको च.नं. ४५०, मिति २०८०/११/११ को आशय पत्र पेश गर्ने सम्वन्धी पत्र बमोजिम एक निर्वाचन क्षेत्र एक प्रांगारिक मल कारखाना स्थापना सम्वन्धमा यस नगरपालिका वडा नं. ७ भुल्भुलेमा रहेको औद्योगिक ग्राममा प्रांगारिक मल कारखाना स्थापना र लागत साझेदारी वापतको रु ५०,००,०००/- (पचास लाख) बजेट सुनिश्चितता गरी प्रस्ताव पत्र पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७** : बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चरंगे- अनाथालय लिफ्टिंग खानेपानी आयोजना भीमेश्वर नगरपालिका वडा नं. ५ को कार्य सम्पन्न गर्न बजेट नपुग हुने भएकोले हाल पहिलो चरणमा चरंगे - सेतो पहिरो लिफ्टिंग गर्ने र थप बजेट माग तथा व्यवस्थापन गरी दोस्रो चरणमा सेतो पहिरोदेखि अनाथालय क्षेत्रसम्म लिफ्टिंग गर्ने कार्य गर्ने गरी चरंगे- अनाथालय लिफ्टिंग खानेपानी आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८** : दोलखा जिल्लाको समग्र र दीगो आर्थिक, सामाजिक विकासका लागि जिल्लास्तरीय पर्यटन गुरु योजना तयार गर्न भीमेश्वर नगरपालिकाले अगुवाई लिने र सो को लागि विस्तृत अवधारणा सहित जिल्ला समन्वय समितिको आगामी बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो । विस्तृत अवधारणाको प्रारम्भिक मस्यौदा तयार गरी भीमेश्वर नगर कार्यपालिका र समन्वय समितिको बैठकका प्रस्तुति गरी प्राप्त सुझावहरु समावेश गरेर अवधारणालाई पूर्णता दिने प्राविधिक कार्यका लागि रिनोभेसन नेपालका श्री बिर्ख क्षेत्रीलाई रु ५०,०००/- (पचास हजार) मा नबढ्ने गरी पारिश्रमिक सहित जिम्मेवार दिने निर्णय गरियो ।

**निर्णय नं. ९** : यस नगरपालिका क्षेत्रभित्र हालसम्म २५० वटा सडक (४३७ कि.मी.) निर्माण भएको, उक्त सडकहरु मध्ये लामोसाँघु - जिरी सडक र चरिकोट- दोलखा - सिंगटी सडकको मात्र सडकमा परेको जग्गा सडकको नाममा कित्ताकाट भई आएको, बाँकी निर्माण भएका सडकले ओगटेको जग्गा सम्वन्धित जग्गाधनीको नाममा नै रहेको, उक्त सडकले ओगटेको जग्गाको तिरो सम्वन्धित जग्गा धनीहरुले नै तिरिरहेको कारण जग्गाधनीहरु दोहोरो मार परेको, भीमेश्वर नगरपालिकाबाट नगर यातायात गुरुयोजना स्वीकृत भएको, नगर यातायात गुरु योजना बमोजिम सडकको अधिकार क्षेत्र

समेत निर्धारण भएको, सडकको लागत कट्टा नहुँदा भवन निर्माणमा नक्सा पास गर्न समेत समस्या रहेकोले मालपोत कार्यालय दोलखा, नापी कार्यालय दोलखा समेतको प्राविधिक सहयोगमा हाल नमुनाको रुपमा बालगृह - तिखातल सडक (करिव ४.५ कि.मी.) र भटमासे - जिलु सडक (करिव ७.५ कि.मी.) को कित्ताकाट प्रक्रिया अगाडी बढाउने र सो को लागि रु ३,००,०००/- (तीन लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : यस नगरपालिकाद्वारा निर्माण गरिएका सार्वजनिक सम्पत्तिहरु (भीमेश्वर रङ्गशाला, कभर्ड हल, सिमपानी हल, खोर्थली भ्यू-टावर, चम्पुजा पार्क, थामी संग्रहालय) लगायतका संरचनाहरुको लगत संकलन, भोगाधिकार प्राप्ति, व्यवस्थापन विधि तथा त्यसको समुचित प्रयोगका लागि आवश्यक पर्ने सन्चालन कार्यविधि समेतको अध्ययन तथा निर्माण गरी सिफारिस गर्न वडा नं. ३ का वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| संयोजक | श्री हरिशरण शिवाकोटी, वडा नं. ३ वडा अध्यक्ष |
| सदस्य | श्री नविन कुमार लामा, वडा नं. ६ वडा अध्यक्ष |
| सदस्य | श्री बिनोद तामांग, वडा नं. ७ वडा अध्यक्ष |
| सदस्य | श्री हिमाल श्रेष्ठ, वडा नं. ९ वडा अध्यक्ष |
| सदस्य | श्री माधव प्रसाद सुवेदी, प्रशासकीय अधिकृत, प्रशासन शाखा |
| सदस्य | श्री ज्ञानु कुमार खड्का, शाखा अधिकृत, जिन्सी इकाई |
| सदस्य | श्री केदार प्रसाद घिमिरे, सहायक लेखा अधिकृत, आर्थिक प्रशासन शाखा |
| सदस्य | श्री दुर्गा प्रसाद चौलागाईं, नगर प्रहरी ईन्चार्ज |

**निर्णय नं. ११** : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशबाट समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम पशुपन्छी तथा मत्स्यजन्य वस्तुतर्फ भीमेश्वर नगरपालिका वडा नं. ४ छनौट गरिएको साथै उक्त वडामा भैसीपालनको पकेट क्षेत्र रहेको र हालसम्म कुनै पनि सरकारी निकाय तथा गैरसरकारी निकायहरुले पशुपालन (भैसीपालन) कार्यक्रम सन्चालन नगरेको हुँदा भैसीपालनको माग आएको तर कार्यक्रमको कार्यविधि अनुसार कृषि बाली, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन छनौटको सूचीमा भैसीपालन कार्यक्रमलाई समेत समावेश गरीदिनुहुन बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२** : यस नगरपालिका वडा नं. २ बस्ने बिर्ख सिंहको नातिनी, रण बहादुर तामाङको छोरी वर्ष ४७ की सानु कान्छी तामांगले साविक दोलखा गा.वि.स. वडा नं. २ को कि.नं. १४६४ को क्षेत्रफल १२३ ब.मी. भएको जग्गा यस नगरपालिका वडा नं.२ नेगल गाउँघर स्वास्थ्य क्लिनिक निर्माणका लागि रु ६०,०००/- (साठ्ठी हजार) मात्रमा २ नं. वडा कार्यालयको नाममा रजिस्ट्रेशन पास गरी बिक्रि

गर्ने भएकोले उक्त कि.नं. १४६४ को क्षेत्रफल १२३ ब.मी. को जग्गा खरिद प्रक्रिया अघि बढाउन २ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोले उक्त जग्गा खरिद गर्ने र उक्त जग्गा खरिद कार्यका लागि वडा नं. २ का वडा सचिव श्री बिना श्रेष्ठलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन हुन नसक्ने देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरुको रकमान्तर/शिर्षकान्तर गर्न सम्वन्धित वडाबाट निर्णय सहित अनुरोध भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी रकमान्तर/शिर्षकान्तर गर्ने निर्णय गरियो ।

नगरस्तरीय आयोजनाहरु :-

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | १४२ | टोल सुधार समितिलाई सन्चालन अनुदान कार्यक्रम | ३,००,०००/- | टोल सुधार तथा सरसफाई समितिको संस्थागत व्यवस्थापन | १,००,०००/- |
| | | | | सरसफाई केन्द्र क्षेत्र र टोल सुधार तथा सरसफाई समितिका प्रतिनिधि सरसफाई अध्ययन कार्यक्रम | २,००,०००/- |

वडास्तरीय आयोजनाहरु :-वडा नं. १

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २०० | स्वास्थ्य स्वयंसेविका कार्यक्रम | १,००,०००/- | वडा कार्यालय भौतिक पूर्वाधार निर्माण | १,००,०००/- |
| | २१३ | बन्यजन्तु बाँदर हेरालु | १,००,०००/- | हिल टेंक ट्यांकी तथा पाईप खरिद | १,००,०००/- |

वडा नं. ५

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ३७७ | महिला उद्यमी तथा क्षमता विकास कार्यक्रम | ३,००,०००/- | महिलाहरुलाई अटो सिकाउने कार्य | १,३०,०००/- |
| | | | | महिलाहरुलाई उदघोषण, मुढा बुन्ने र पन्चे बाजा अन्तर्गत सनाई बजाउने तालिम | १,७०,०००/- |

वडा नं. ८

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २०० | दलित, जेष्ठनागरिक ग र घ वर्गका अपांगता भएका व्यक्ति र विपन्न जनजाती कार्यक्रम | १,२५,०००/- | जनजाति रुम्बा टोल सडक निर्माण | १,२५,०००/- |

**निर्णय नं. १४ :** गोरखा भूकम्प, २०७२ पश्चात भीमेश्वर नगरपालिकाका घरहरु पूर्ण क्षति भई पुनर्निर्माणको क्रममा भीनपा ४ र १ मा एकिकृत वस्ती निर्माण गरिएको, एकिकृत वस्तीलाई पूर्णता दिन तथा रात्रिकालीन सुरक्षाका लागि उपभोक्ताहरुबाट सोलार बत्ती माग भई सम्वन्धित वडाहरुबाट समेत सिफारिस भई आएको, यस कार्यालयमा उक्त कार्यका लागि बजेट अभाव भएकोले चालु आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी ४० थान सोलार बत्ती जडान गर्न बजेट बिनियोजन गरिदिन खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** यस कार्यालय अन्तर्गत पशु सेवा शाखामा सहायक पशु विकास अधिकृत पदमा कार्यरत श्री भिम बहादुर जिरेल (क.स.नं. २३२९५१) ले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल सरकारलाई प्राप्त हुने कोटामा B.V.Sc. & H.A. विषयमा स्नातक तहमा अध्ययन गर्न कार्यालयबाट मिति २०८०/०८/०७ मा लिएको पूर्व स्वीकृति तथा मिति २०८०/१०/१६ मा कृषि पशु विकास पक्लिहवा क्याम्पस, भैरहवामा भर्ना भई निजामती सेवा नियमावली, २०५० को ६१ (१ क ), नियम ६१ को (२) र (४) बमोजिमको अध्ययन बिदा माग गरेकोमा हाललाई निजामती सेवा नियमावली, २०५० को नियम ६१ (१ ख) र (२) बमोजिम ३ (तीन) वर्ष अध्ययन बिदा स्वीकृत गर्ने र ३ वर्ष पश्चातको अध्ययन पछि थप बिदाका लागि पछि निर्णय हुने गरी निजको अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ : विविध विषयहरु :-**

क) यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सूचना प्रविधि अधिकृत पद -१ र प्राविधिक सहायक (सहायक पाचौं) पद -१ पदपूर्ति गर्न प्रकाशित सूचना तथा सम्वन्धित पदको स्वीकृत कार्यविधि बमोजिम पदपूर्ति प्रक्रियामा रहेको सन्दर्भमा उक्त दुवै पदको परीक्षा सन्चालन लगायतका कार्यको लागि विषय विज्ञ तोक्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत श्री विशकसेन ढकाललाई प्रदान गर्ने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ३ मा रहेको पतन्जली योग साधना केन्द्र, चरिकोटमा म्याट, टेबुल, सफाई मेशिन लगायतका सामाग्रीहरु ब.शि.नं. ६५ को फर्निचर तथा फिक्चर्सबाट बढीमा रु ५०,०००/- (पचास हजार) बराबरको उपलब्ध गराउने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिका वडा नं. १ स्थित राङराङथलीमा थामी संघको भेला आयोजना गर्न रु ५०,०००/- (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

घ) भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित रामकोटमा रहेको न्यौपाने कुल देउता संरक्षण समितिलाई मन्दिरको पूर्वाधार निर्माण तथा मर्मतका लागि रु २,००,०००/- (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।